# प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

## कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

**पाठ्यक्रमको रुपरेखालाई निम्नानुसारका दुई चरणमा विभाजन गरिएको छ :**

**प्रथम चरण** (First Phase) :- **लिखित परीक्षा** **पूर्णाङ्क :-३००**

**द्वितीय चरण** (Second Phase) :- **सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता** **पूर्णाङ्क :-६०**

**परीक्षा योजना (Examination Scheme)**

**तालिका (१)**

| १. **प्रथम चरण** (First Phase):- **लिखित परीक्षा** (Written Examination) | | | | | | |
|---|---|---|---|---|---|---|
| **पत्र** | **विषय** | **पूर्णाङ्क** | **उतीर्णाङ्क** | **परीक्षा प्रणाली** | **प्रश्नसंख्या×अङ्क** | **समय** |
| प्रथम | शासन प्रणाली (Governance Systems) | १०० | ४० | विषयगत (Subjective) | १० प्रश्न x १०अङ्क | ३ घण्टा |
| द्वितीय | समसामयिक विषय (Contemporary Issues) | १०० | ४० | विषयगत (Subjective) | १० प्रश्न x १०अङ्क | ३ घण्टा |
| तृतीय | समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices) | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न x १० अङ्क<br>४ प्रश्न x ५ अङ्क | ३ घण्टा |

**तालिका (२)**

| २. **द्वितीय चरण** (Second Phase):- सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता (Skill Test, Group Test & Interview) | | | |
|---|---|---|---|
| **विषय** | **पूर्णाङ्क** | **परीक्षा प्रणाली** | **समय** |
| सूचना प्रविधि सीप परीक्षण (Information Technology Skill Test) | १० | प्रयोगात्मक (Practical)# | २० मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | समूहमा व्यक्तिगत प्रस्तुति (Individual Presentation in Group) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ४० | मौखिक (Oral) | |

**तालिका (३)**

# प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

| **विषय** | **पूर्णाङ्क** | **विषयवस्तु शिर्षक** | **अङ्क** | **समय** |
|---|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण (IT Skill Test) | १० | | **२.५ अङ्क** | **५ मिनेट** |
| | | | **२.५ अङ्क** | **५ मिनेट** |
| | | | **२ अङ्क** | **१० मिनेट** |
| | | | **१ अङ्क** | |
| | | | **१ अङ्क** | |
| | | | **१ अङ्क** | |
| **जम्मा** | | | **१० अङ्क** | **२० मिनेट** |

**द्रष्टव्यः**

## प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

## कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

१ यो पाठ्यक्रम रुपरेखा/योजनालाई प्रथम चरण (लिखित परीक्षा) तथा द्वितीय चरण (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) गरी दुई भागमा विभाजन गरिएको छ ।

२ माथि **तालिका (१),तालिका (२) र तालिका (३)** मा दिइए अनुसारको परीक्षा योजना नेपाल न्याय सेवा अन्तर्गत न्याय,कानून र सरकारी वकिल सबै समूहको लागि अनिवार्य हुनेछ ।

३. संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा माथि उल्लिखित नेपाल न्याय सेवाका सबै समुहहरुको लागि प्रथम, द्वितीय र तृतीय पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुनेछ ।

४. उल्लिखित नेपाल न्याय सेवा अन्तर्गतका सबै समूहहरुको खुला र समावेशी समूहहरुको एउटै (Common) प्रश्नपत्रको माध्यमबाट संयुक्त र एकीकृत परीक्षा सञ्चालन हुनेछ ।

५. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

६. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु ( Short notes) सोध्न सकिने छ ।

७. परीक्षामा सोधिने **प्रश्नसंख्या र अङ्कभार** यथासम्भव सम्बन्धित पत्र/ विषयमा दिईए अनुसार हुनेछ ।

८. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्ड/एकाइका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्ड/एकाईका प्रश्नहरुको उत्तर सोही भाग/खण्ड/एकाईको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

९. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि परेका पाठ्यक्रममा कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई। कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

१०. प्रथम चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

११. प्रथम चरणको लिखित परीक्षा र द्वितीय चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको कुल अङ्कको आधारमा योग्यताक्रम अनुसार अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१२. परीक्षा योजना र पाठ्यक्रम लागू मिति :- २०८१/०८/१४ गते देखि

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि

पाठ्यक्रम

**प्रथम पत्रः शासन प्रणाली**

**Section (A) - 10 Marks x 3 Questions = 30 Marks**

१. **राज्य र शासन**

१.१ शासनका आधारभूत पक्षहरु अवधारणा, सन्दर्भ र विशेषताहरु

१.२ शासनको राजनैतिक तथा प्रशासनिक संरचना

१.३ सूचनाको हक र पारदर्शिता

१.४ राष्ट्र निर्माण र राज्य निर्माण

१.५ नेपालको शासन प्रणाली

१.६ राष्ट्रिय सुरक्षा व्यवस्थापन अवधारणा, क्षेत्र र नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरु

१.७ वहुस्तरिय शासन र नेपाल - अनौपचारिक शासन, नागरिक समाजको शासन, स्थानीय शासन, सहकारीतामूलक शासन, व्यावसायिक शासन र संयुक्त राष्ट्रसंघ

**Section (B) - 10 Marks x 2 Questions = 20 Marks**

२. **संविधान र कानून**

२.१ संविधानवाद

२.२ नेपालमा संवैधानिक विकास

२.३ नेपालको वर्तमान संविधान

२.३.१ मूलभूत विशेषताहरु, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका

२.३.२ मौलिक हक, निर्देशक सिद्धान्त र राज्यका नीतिहरु

२.३.३ संबैधानिक तथा कानून निर्मित निकायहरुको कार्य एवं तिनको कार्यक्षेत्र

२.४ मानव अधिकार

२.५ नागरिक चेतना, जनताका कर्तव्य र जिम्मेवारीहरु

२.६ कानूनका श्रोतहरु तथा नेपालमा कानून निर्माणको प्रक्रिया

२.७ कानूनको शासन, लोकतान्त्रिक मूल्य र मान्यता, समावेशीकरण, समानुपातिक प्रतिनिधित्व तथा सकारात्मक विभेद

**Section (C) - 10 Marks x 3 Questions = 30 Marks**

३. **सार्वजनिक सेवा तथा सार्वजनिक व्यवस्थापन**

३.१ सार्वजनिक सेवाको अवधारणा, कार्य, विशेषता र भूमिका

३.२ सार्वजनिक सेवा प्रवाह

३.३ राजनैतिक तटस्थता, प्रतिवद्धता, पारदर्शिता र उत्तरदायित्व

३.४ सार्वजनिक कोषको सदुपयोग, सदाचार र नैतिकता

३.५ सार्वजनिक व्यवस्थापन, निजामती सेवा र कर्मचारीतन्त्र

३.६ सार्वजनिक नीति निर्माण प्रक्रिया र विश्लेषण

३.७ सार्वजनिक सेवा वडापत्र

३.८ विद्युतीय शासन

**Section (D) - 10 Marks x 2 Questions = 20 Marks**

४. श्रोत व्यवस्थापन र योजना

४.१ मानव श्रोत व्यवस्थापन प्राप्ति, विकास, उपयोग र सम्भार

४.२ सार्वजनिक वित्त व्यवस्थापन नेपालको योजना र बजेट प्रणाली

४.३ नेपालमा सरकारी लेखा प्रणाली र लेखापरीक्षण प्रणाली

४,४ वित्तीय व्यवस्थापन र सामाजिक उत्तरदायित्व

४.५ विकास योजना र चालू आवधिक योजना

४.६ सहभागितामूलक योजना र विकास

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि

पाठ्यक्रम

(In English)

**Paper I: - Governance Systems**

**Section (A) - 10 Marks x 3 Questions = 30 Marks**

**1. State and Governance**

1.1 Fundamentals of governance: concept, context and characteristics

1.2 Political and administrative structures of governance

1.3 Right to information and transparency

1.4 Nation building and state building

1.5 Governance systems in Nepal

1.6 National security management: concept, scope and existing provisions of national security in Nepal

1.7 Multi-level governance and Nepal: informal governance, civil society governance, local governance, cooperative governance, corporate governance and United Nations Organization

**Section (B) - 10 Marks x 2 Questions = 20 Marks**

**2. Constitution and Law**

2.1 Constitutionalism

2.2 Constitutional development in Nepal

2.3 Present constitution of Nepal

2.3.1 Salient features, executive, legislative and od judi judiciary

2.3.2 Fundamental rights, directive principles and policies of the State

2.3.3 Function and jurisdiction of constitutional and statutory bodies

2.4 Human rights

2.5 Civic sense, duties and responsibilities of people

2.6 Sources of law and law making process in Nepal

2.7 Rule of law, democratic values and norms, inclusion, proportional representation and affirmative action

**Section (C) - 10 Marks x 3 Questions = 30 Marks**

**3. Public Service and Public Management**

3.1 Concept, functions, characteristics and role of public service

3.2 Public Service delivery

3.3 Political neutrality, commitment, transparency and accountability

3.4 Utilization of public funds, ethics and morality

3.5 Public management, civil service and bureaucracy

3.6 Public policy: formulation process and analysis

3.7 Public Service Charter

3.8 E-governance

**Section (D) - 10 Marks x 2 Questions = 20 Marks**

**4. Resource Management and Planning**

4.1 Human Resource Management procurement, development, utilization and maintenance

4.2 Public financial management: planning and budgeting system in Nepal

4.3 Government accounting and auditing system in Nepal

4.4 Financial management and social accountability

4.5 Development planning and current periodic plan

4.6 Participatory planning and development

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

**प्रथम पत्रः शासन प्रणाली बिषय नमूना प्रश्नहरु**

**Sample Questions: Paper I - Governance System**

**Section (A) - 10 Marks x 3 Questions = 30 Marks**

१. शासनको अवधारणा स्पष्ट गर्दै यसका आधारभूत पक्ष तथा विशेषताहरु उल्लेख गर्नुहोस् ।

Clarifying the concept of governance, mention its fundamental aspects as well as features.

२. सूचनाको हकलाई सुदृढ पार्नमा पारदर्शिताले पुऱ्याएको योगदानको चर्चा गर्दै पारदर्शिताको सीमा उल्लेख गर्नुहोस् ।

Discuss the contribution of transparency in strengthening the Right to Information and also mention the limitation of transparency.

३. राष्ट्रिय सुरक्षा व्यवस्थापनको क्षेत्र उल्लेख गर्नुहोस्। नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरुको संक्षिप्त समीक्षा गर्नुहोस् ।

Mention the scope of National Security Management. Briefly comment on the prevailing provisions of the national security of Nepal.

**Section (B)-10 Marks x 2 Questions = 20 Marks**

४. कानुनका श्रोतहरु उल्लेख गर्दै नेपालमा कानून निर्माणको प्रक्रिया प्रस्तुत गर्नुहोस् ।

Mentioning the sources of law, present the process of law formulation in Nepal.

५. लोकतान्त्रिक मूल्य र मान्यता भन्नाले के बुझ्नुहुन्छ? नेपालमा यी मूल्य र मान्यताहरुको प्रयोग कसरी भएको पाउनु हुन्छ ? उल्लेख गर्नुहोस् । What do you understand by democratic value and norm? How are such values and norms practiced in Nepal? Mention.

**Section (C)10 Marks x 3 Questions = 30 Marks**

६. सार्वजनिक सेवाको अवधारण उल्लेख गर्नुहोस् । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन राजनैतिक तटस्थता, प्रतिवद्धता, पारदर्शिता र उत्तरदायित्वको ठूलो भूमिका हुन्छ भन्ने भनाइका सन्दर्भमा आफ्नो धारणा प्रष्ट पार्नुहोस् ।

Mention the concept of public service delivery. State your own view in the context of the saying that there is the vital role of political neutrality, commitment, transparency and accountability to make public service delivery effective.

७. सार्बजनिक व्यवस्थापनका प्रमुख कार्यहरु उल्लेख गर्नुहोस् । Mention the major functions of public management.

८. सार्वजनिक नीतिलाई परिभाषित गर्दै सार्वजनिक नीति निर्माण प्रक्रिया प्रस्तुत गर्नुहोस् ।

Defining public policy, present the process how public policy is formulated.

**Section (D)-10 Marks x 2 Questions = 20 Marks**

९. मानव श्रोत व्यवस्थापनका प्रमुख आयामहरुवारे संक्षिप्त चर्चा गर्नुहोस् ।

Briefly discuss the major dimensions of human resource management.

१०.सहभागितामूलक योजनाका प्रमुख विशेषताहरु उल्लेख गर्दै नेपालको विकास प्रशासनमा सहभागितामूलक योजनाको अभ्यासको अवस्था दर्शाउनुहोस् ।

Mentioning the major features of participatory planning, present the status of the practice of participatory planning in the development administration of Nepal.

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

**द्वितीय पत्रः- समसामयिक विषय**

**Section (A)-10 Marks x 3 Questions = 30 Marks**

**१. सामाजिक मामिलाहरु**

१.१ सामाजिक विवाद तथा द्वन्द्व

१.२ सामाजिक न्याय तथा समानता

१.३ सामाजिक एवं सांस्कृतिक रुपान्तरण

१.४ श्रोत साधनहरुको वितरणमा न्याय असमानता एवं सीमान्तीकरण (प्रादेशिक, जातजातिगत, लैङ्गिक, ग्रामीण तथा शहरी)

१.५ सामाजिक संरक्षण/बचाउ, सामाजिक सुरक्षा तथा सामाजिक जिम्मेवारी

१.६ सांस्कृतिक विविधता र सामाजिक परिचालन

१.७ जनसंख्या (बसोबास, बसाइसराइ, शहरीकरण, प्रौढावस्था, शरणार्थी, विस्थापित जनसंख्या)

१.८ संगठित अपराध विद्युतीय अपराध (cyber crime), बेचविखन, मिलोमतो (cartelling)/ एकाधिकार (monopoly), आतङ्कवाद, भ्रष्टाचार र अवैध मुद्रा निर्मलीकरण

१.९ खाद्य सम्प्रभुता र सुरक्षा

**Section (B) - 10 Marks x 2 Questions = 20 Marks**

**२. आर्थिक मामिलाहरु**

२.१ आर्थिक वृद्धि तथा आर्थिक विकास

२.२ आर्थिक विकासका प्रमुख पक्षहरु कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार तथा मानव संशाधन

२.३ आर्थिक विकासमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको भूमिका

२.४ वैदेशिक सहायता र अन्तर्राष्ट्रिय सहयोग

२.५ वैदेशिक लगानीः पोर्टफोलियो र प्रत्यक्ष

२.६ प्रविधि हस्तान्तरण (बौद्धिक सम्पत्ति अधिकार समेत)

२.७ व्यापार, बजार र श्रम उदारिकरण

२.८ आर्थिक कुटनीति

२.९ गरिवी र वेराजगारी

**Section (C) - 10 Marks x 3 Questions = 30 Marks**

**३. विकाससँग सम्बद्ध मामिलाहरु**

३.१ मानव विकास

३.२ पूर्वाधार विकास

३.३ दिगो विकास (भूमि, जल तथा प्राक्तिक श्रोतहरु धान्न सक्ने क्षमता र विकास नीति।

३.४ विकास प्रक्रियामा राज्य र राज्य बाहेकका क्षेत्रहरुको भूमिका

३.५ शान्ति र द्वन्द्व सम्वेदनशील विकास

३.६ विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन

३.७ विकासमा नागरिकको संलग्नता

३.८ साझेदारी विकास तथा समुदायमा आधारित विकास

३.९ विकासमा सूचना सञ्चार प्रविधिको भूमिका

३.१० विश्वव्यापीकरण र विकास

**Section (D)-10 Marks x 2 Questions = 20 Marks**

**४. वातावरणसँग सम्बद्ध मामिलाहरु**

४.१ पारिस्थितिक प्रणाली

४.२ जैविक विविधता तथा संरक्षण

४.३ जलवायु परिवर्तन र कार्बन व्यापार

४.४ वातावरणीय ह्रास

४.५ वनविनास

४.६ संकट/विपद् व्यवस्थापन

४.७ वातावरण र विकास

४.८ उजर्जा संकट तथा उजा संरक्षण

४.९ प्रदूषण तथा फोहर- मैला व्यवस्थापन

...............

**(In English)**

**Paper II: Contemporary Issues**

**Section (A)-10 Marks x 3 Questions = 30 Marks**

**1. Social issues**

1.1 Social disputes and conflict
1.2 Social justice and equality
1.3 Social and cultural transformation
1.4 Distributive justice of resources: disparities and marginalization (regional,caste/ethnicity, gender, rural and urban)
1.5 Social protection, social security and social responsibility
1.6 Cultural diversity and social mobilization
1.7 Population (settlement, migration, urbanization, aging, refugee, displaced population)
1.8 Organized crime: cyber crime, trafficking, cartelling/monopoly, terrorism, corruption and money laundering
1.9 Food sovereignty and security

**Section (B)-10 Marks x 2 Questions = 20 Marks**

**2. Economic issues**

2.1 Economic growth and economic development
2.2 Major aspects of economic development: agriculture, industry, trade, tourism, foreign employment and human resource
2.3 Role of public sector, private sector and cooperative in economic development
2.4 Foreign assistance and international co-operation

2.5 Foreign Investment: portfolio and direct
2.6 Technology transfer including intellectual property rights
2.7 Trade, market and labour liberalization
2.8 Economic diplomacy
2.9 Poverty and unemployment

**Section (C)-10 Marks x 3 Questions = 30 Marks**

**3. Developmental Issues**

3.1 Human development
3.2 Infrastructure development
3.3 Sustainable development (land, water and natural resources: carrying capacity and development policy)
3.4 Role of state and non-state actors in development process
3.5 Peace and conflict sensitive development
3.6 Decentralization and local self-governance
3.7 Citizen engagement in development
3.8 Partnership development and community based development
3.9 Role of Information and Communication Technology (ICT) in development
3.10 Globalization and development

**Section (D)-10 Marks x 2 Questions = 20 Marks**

**4. Environmental Issues**

4.1 Ecosystem
4.2 Bio-diversity and conservation
4.3 Climate change and carbon trade
4.4 Environment degradation
4.5 Deforestation
4.6 Crisis/Disaster management
4.7 Environment and development
4.8 Energy crisis and
4.9 Pollution and Waste management

……………………

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम

**द्वितीय पत्रः- समसामयिक विषय नमूना प्रश्नहरु**

**Sample Questions: Paper II- Contemporary Issues**

**Section (A)-10 Marks x 3 Questions = 30 Marks.**

1. द्वन्द्वले सामाजिक एवं सास्कृतिक रुपान्तरणमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावहरु उल्लेख गर्नुहोस् ।
   Mention the positive and negative effects of conflict in social and cultural transformation?
2. "भ्रष्टाचार सामाजिक न्याय तथा समानताको महान शत्रु हो । यस भनाइप्रतिको आफ्नो धारणा प्रष्ट पार्नुहोस् ।
   "Corruption is the great enemy of social justice and equality". Clearly present your view in this regard.
3. "खाद्य सम्प्रभुता" को अवधारणा स्पष्ट पार्दै विकासोन्मुख मुलुकमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिमा देखिएका प्रमुख व्यवधानहरु उल्लेख गर्नुहोस् ।
   Clearly spell out the concept of "food sovereignty", and also mention the major hindrances of the healthy and convenient supply of food materials in developing countries.

**Section (B)-10 Marks x 2 Questions = 20 Marks**

4. विकोसोन्मुख मुलुकहरुको आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका बारे विवेचना गर्नुहोस् ।
   Discuss the role of the co-operative sector in the economic development of developing nations.
5. गरिवी र बेरोजगारीवीचको अन्तरसम्बन्ध प्रष्ट्याउदै यी दुवैको न्यूनीकरणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस् ।
   Clearly present the interrelationship between poverty and unemployment and suggest the effective measures for minimizing both of them.

**Section (C)-10 Marks x 3 Questions = 30 Marks**

6. मानव विकासका सूचकाङ्कहरु उल्लेख गर्नुहोस्। साथै सामाजिक आर्थिक विकासको साधन र साध्य मानव नै हो भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।
   Write down the human development indicators and also justify that human is both the means and ends of the social-economic development.
7. शान्ति र द्वन्द्र सम्वेदनशील विकासका आधारभूत तत्वहरुको संक्षिप्त विवेचना गर्नुहोस् ।
   Briefly discuss the fundamental elements of peace and conflict sensitive development.
8. समुदायमा आधारित विकासका प्रमुख विशेषताहरु औंल्याउँदै ग्रामीण विकासमा यसप्रकारको विकासको औचित्य उल्लेख गर्नुहोस् ।
   Identifying the main characteristics of community based development, justify the rationale of such kind of development in rural development.

**Section (D)-10 Marks x 2 Questions = 20 Marks**

9. वातावरणीय ह्रासका प्रमुख कारकहरु औंल्याउँदै तिनको नियन्त्रणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस् ।
   Identify the major factors responsible for environmental degradation and also mention the effective measures for their control.
10. विपद् व्यवस्थापनको अर्थ उल्लेख गर्नहोस् । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन कुनकुन पक्षहरुमा ध्यान पुर्‍याउनु पर्ने ठान्नुहुन्छ। आफ्नो धारण लेख्नुहोस् ।
    Mention the meaning of disaster management. In your opinion, what factors should be taken in consideration to make disaster management effective?

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि

पाठ्यक्रम

**तृतीय पत्र - समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices)**

**खण्ड (A) - २५ अङ्क**

**१. कानून तथा न्याय सम्बन्धी समसामयिक विषय**

१.१ संविधान र संविधानवाद

१.२ फौजदारी तथा देवानी संहिताका आधारभूत पक्षहरु

१.३ मुलुकी अपराध (संहिता) ऐन, २०७४

१.४ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४

१.५ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

१.६ मुलुकी देवानी (संहिता), २०७४

१.७ मुलुकी देवानी कार्यविधि (संहिता) २०७४

१.८ मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली/मधेश प्रदेश सरकार(कार्यविभाजन) नियमावली, २०८०

१.९ प्रदेश ऐन संग्रह

१.१० कानूनी राय

१.११ सरकारी मुद्दाको पुनरावेदन तथा सरकारी मुद्दाको प्रतिरक्षा

१.१२ मानव अधिकार र अन्तर्राष्ट्रिय कानूनको अवधारणा

१.१३ भ्रष्टाचार, संगठित अपराध र सम्पति शुद्धीकरण सम्बन्धी

१.१४ न्यायिक सक्रियता र सार्वजनिक सरोकारको विषय

१.१५ विवाद समाधानका वैकल्पिक उपायहरु (मेलमिलाप सम्बन्धी कानूनी व्यवस्था र प्रयोग समेत)

१.१६ वातावरणीय न्यायको अवधारणा

१.१७ उपभोक्ता हित संरक्षण सम्बन्धी

१.१८ लैंगिक न्याय र घरेलु हिंसा

१.१९ पीडित न्याय प्रणालीको अवधारणा र प्रयोग

१.२० महान्यायधिवक्ता तथा मुख्य न्यायधिवक्ता सम्बन्धी संवैधानिक व्यवस्था

१.२१ सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन एवं विभिन्न प्रकारका मुचुल्काहरु

१.२२ थुनछेक सम्बन्धी प्रक्रिया र साक्षी परीक्षण

**खण्ड (B) - २५ अङ्क**

**२. कानून तर्जुमा तथा कानूनका विविध पक्षहरु**

२.१ ऐन र अध्यादेश तर्जुमा एवं तर्जुमामा सैद्धान्तिक सहमतिको अवधारणा

२.२ प्रत्यायोजित व्यवस्थापन (नियम/गठन आदेश/कार्यविधि/मापदण्ड तथा निर्देशिका आदि)

२.३ सन्धि सम्झौताको निर्माण

२.४ राजपत्रमा प्रकाशित हुने सूचना सम्पादन

२.५ व्यवस्थापन विधि

२.६ बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी कानूनहरु

२७ करार सम्बन्धी कानून

२.८ रिट निवेदन तथा लिखित जवाफ

२.९ प्रशासनिक निकायको न्यायिक अधिकार

२.१० निजामती सेवा ऐन तथा नियमावली

**खण्ड (C) -२५ अङ्क**

**३. अदालतका काम कारवाही सम्बन्धी बिषय**

३.१ हकदैया, हदम्याद, म्याद र तारेख

३.२ अदालतको अधिकार क्षेत्र

३.३ लिखतहरुको दर्ता र दरपिठ

३.४ कोर्ट फि, धरौटी र जमानी

३.५ बयान, बकपत्र, वारेसनामा र सकारनामा सम्बन्धी कानूनी व्यवस्था

३.६ अन्तर्कालीन आदेश तथा अन्तरिम आदेश

३.७ प्रमाण परीक्षण

३.८ फैसला सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान

३.९ पुनरावेदन तथा फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था

३.१० न्याय प्रशासन ऐन

३.११ सर्वोच्च अदालत ऐन तथा नियमावली एवं उच्च अदालत तथा जिल्ला अदालत नियमावली

**...........समाप्त.........**

यसपत्रका पाठ्यक्रमका खण्ड/एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या यथासम्भव निम्नानुसार हुनेछ ।

| **खण्ड/ अङ्कभार** | **A-५० अङ्क** | **B-२५ अङ्क** | **C-२५अङ्क** | **जम्मा प्रश्न संख्या** |
|---|---|---|---|---|
| **छोटो उत्तर प्रश्न (५ अङ्क)** | २ | १ | १ | ४ |
| **लामो उत्तर प्रश्न (१० अङ्क)** | ४ | २ | २ | ८ |
| **जम्मा प्रश्न संख्या** | ६ | ३ | ३ | १२ |

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश,जनकपुरधाम

कानून सेवा, कानून समूह अधिकृत सातौं तह वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि

पाठ्यक्रम

**(कानून सेवाको लागि मात्र थप पत्र)**

**समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices) का**

**नमुना प्रश्नहरु**

**खण्ड (A) -५० अङ्क**

१. संविधानवाद भन्नाले के बुझिन्छ ? यसका आवश्यक तत्वहरु के के हुन्? सविस्तार चर्चा गर्नुहोस् । (५+५)

२. न्यायिक सक्रियता भन्नाले वे बुझिन्छ ? न्यायिक सक्रियतामा न्यायिकसंयमताको आवश्यकता किन पर्दछ ? उदाहरण सहित वर्णन गर्नुहोस । (५+५)

३. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा सेवा केन्द्र सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस। (५)

४. नेपालको संविधान बमोजिम महान्यायधिवक्ताको काम, कर्तव्य र अधिकार बारेमा लेख्नुहोस्। (१०)

५. मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० बमोजिम मन्त्री परिषदमा पेश गर्नुपर्ने विषयहरु के-के हुन्? मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु उल्लेख गर्नुहोस्। (५+५)

६. कानूनी राय भनेको के हो? के यो बाध्यकारी हुन्छ? टिप्पणी गर्नुहोस्। (५)

**खण्ड (B) - २५ अङ्क**

७. कानून तर्जुमा भन्नाले के बुझिन्छ? नेपालमा ऐन बनाउने व्यवस्थापन विधिका वारेमा प्रकाश पानुहोस् । (३+७)

८. प्रतिलिपि अधिकारको क्षेत्रमा नेपालले गरेको प्रयासका बारेमा उल्लेख गर्दै प्रतिलिपि अधिकारको क्षेत्रमा के कस्तो कानूनी र व्यवस्थापकीय सुधार आवश्यक ठान्नुहुन्छ? चर्चा गर्नुहोस् । (४+६)

९. लिखित जवाफ तयार गर्दा ध्यान दिनु पर्ने मुख्य कुरा के के हुन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् । (५)

**खण्ड (C) -२५ अङ्क**

१०. पुनराबलोकन भनेको के हो ? सर्वोच्च अदालतले के कस्तो अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्छ। प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा व्याख्या गर्नुहोस् । (३+३+४)

११. हदम्याद, म्याद र तारीखमा के फरक छ? मुद्दामा पक्षले तारीख गुजारेमा मुद्दाको कारवाईमा के कस्तो असर पर्छ खुलाउनुहोस् । (५+५)

१२. जिरह भनेको के हो ? जिरह गर्ने सम्बन्धमा प्रचलित कानूनमा भएको व्यवस्था उल्लेख गर्नुहोस् । (२+३)